नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

माघ/फागुन २०६६ (February 2010) वर्ष १४/अंक १५५

# प्रभुको सेवा गर्दै रहो

***आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाले परिषदको रिट्रीटमा दिनुभएको वचनको तेस्रो भागको सार संक्षेप:***

भजनसंग्रह १३३:२ मा उल्लेख भएझैं हारूनले पाएको अभिषेक उनको शिरको लागि मात्र नभइ सम्पूर्ण शरीरको लागि थियो । शिरले पाएको अभिषेक र शरीरले पाउने अभिषेक उही नै हो । मत्ती २६:६-१३ मा एउटी स्त्रीले प्रभुको शिरमा बहुमूल्य अत्तर ल्याएर खन्याई तर प्रभुले भन्नुभयो, ***"यसले मेरो शरीरमा खन्याएकी छ ।"*** प्रभुले हामीलाई दिनुभएको अभिषेक हाम्रो सम्पूर्ण व्यक्तित्वको लागि हो ।

१ तिमोथी ४:१४ अनुसार हामीले प्रभुबाट जुन अभिषेक पाएका छौं त्यसको अवहेलना साथै पन्छ्याउने काम गर्नुहुँदैन । ***"किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु," परमप्रभु भन्नुहुन्छ । "ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई" (यर्मिया २९:११)*** । उहाँले हाम्रो जीवनमा राख्नुभएको योजना हामीले कदम-कदममा थाहा पाउनुपर्छ । उहाँको योजना थाहा पाउनको लागि हामीले उहाँसँग समय बिताउनुपर्छ । जुन योजना उहाँले हाम्रो लागि राख्नुभएको छ त्यो उहाँले क्रमिक रूपमा देखाउनुहुन्छ । प्रभुको सेवा गर्नको लागि हामीलाई पवित्र आत्माको शक्तिको साथै उहाँको निर्देशनको अति नै आवश्यकता पर्छ । उहाँले हामीलाई पवित्र आत्माको निर्देशनमा निर्देशिका दिनुभएको छ । जब हामी एकतामा रहन्छौं तब हामी प्रज्वलित हुँदै प्रभुको सेवा गर्न सक्छौं । जब बलेको दाउरा अलग हुन्छ वा एक्लै हुन्छ, त्यो आफै निभ्छ । त्यसैले हामी जल्दो-बल्दो हुनको लागि एकतामा रहनुपर्छ । ***"जोशमा पछि नहट। पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दै रहो ।"*** *(रोमी १२:११)* अनुसार आत्मामा जोशिलो भई उहाँको सेवामा निरन्तर लाग्नु पर्छ ।

जब हामीमा प्रभुको जोश हुन्छ त्यो बेलामा अरूले सोचेजस्तो नहुन पनि सक्छ तर हामीले त्यसको प्रवाह गर्नुहुँदैन, *उहाँले के भन्नुहुन्छ त्यसमा लागि पर्नुपर्छ* । मरियममा उहाँप्रतिको जोश थियो र त्यो अत्तर उहाँमाथि खन्याई, यहूदा इस्करियोतले यसको विरोध गरेको थियो तर मरियमले त्यसको वास्ता गरिनन् र विचलित पनि भइनन् (यूहन्ना १२:१-८) । यस प्रकारको जोश आज प्रभुले तपाईं र मबाट खोज्नुहुन्छ । प्रभुको काम गर्दा मानिसले हाम्रो खिसी गर्लान् तर पनि हामीले उहाँको सेवा जोशसँग गरिरहनुपर्छ । यदि हामीले मान्छेको खुशी हेर्न थाल्यौं तर प्रभुले भन्नुभएको गर्न छोड्यौं भने त्यसबाट प्रभुको महिमा हुन सक्तैन । मण्डलीमा कति कुराहरू मन पर्दैनन् होला, नमिल्ने कुराहरू हुन सक्छन् तर यी कुराहरूले उहाँलाई महिमा दिनको लागि बाधा बन्नुहुँदैन र हाम्रो जोश सेलाउनु हुँदैन । *"परमप्रभुको काम ढिलोसित गर्नेलाई सराप ! आफ्नो तरवारलाई रक्तपात गर्नदेखि रोक्नेलाई सराप !"(यर्मिया ४८:१०)* । त्यसैले हामीले प्रभुको काम जोशसँग गर्नु पर्दछ । प्रभुले शरीरमा रहेर जति काम गर्नुभयो, त्यो कामको निरन्तरता आज हामीले दिनुपर्छ । मण्डली उहाँको देह हो र उहाँ यो काम मण्डलीद्वारा पूरा गर्न चाहनुहुन्छ । येशू प्रभुले मुक्तिको काम सकेर जानुभयो, बाँकी काम हामीले गर्नुपर्छ ।

प्रभुले तपाईं र मलाई जुन काम दिनुभएको छ, त्यो अन्य विशेष काम भन्दा ज्यादै नै महत्त्वपूर्ण छ, बहुमूल्य छ । ***"के मानिसको दृष्टिकोणबाट मात्र म यो भन्दैछु र ? के व्यवस्थाले पनि यही कुरा भन्दैन र ?"*** *(१ कोरिन्थी ९:८)* । उहाँको काम गर्नको लागि उहाँले हामीलाई काम चलाउने मात्रामा मात्र होइन तर सब प्रकारको अनुग्रह प्रशस्त मात्रामा दिनुहुन्छ । ***"मेरा परमेश्‍वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरि दिनुहुनेछ ।"*** *(फिलिप्पी ४:१९)* । हामीमा हीनता बोध हुनसक्छ तर पनि हामीमा प्रभुको कामको लागि जोश हुनुपर्छ किनकि हामी यहोवा-यीरे प्रभुको संगतिमा रहने व्यक्तिहरू हौं ।

हामी मूर्ख हुँदाहुँदै पनि प्रभुले हामीलाई चुन्नुभयो (१ कोरिन्थी १:२६-३०) । ***"र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई सल्लाहकार दिनुहुनेछ , र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ ।"*** (यूहन्ना १५:१६) । उहाँको योजना पूरा गर्नको लागि हामी उहाँद्वारा चुनिएका व्यक्तिहरू हौं । यसैले हामीमा उहाँको सेवा गर्ने उत्कट इच्छा हुनुका साथै लागिपर्नु पर्छ । उहाँको मिशन (काम) पूरा गर्नको लागि हामीमा उहाँप्रतिको प्याशन (जोश) हुनुपर्छ । सुसमाचार प्रचारको लागि हामी मण्डली सक्रिय रूपमा लागि पर्नुपर्छ ।

सार्डिसको मण्डलीले (प्रकाश ३:१-३) प्रभुबाट पाएको काम पूरा नभएको उहाँले भेट्नुभयो । त्यो मण्डलीले काम गर्दै, छोड्दै गरेको थियो र कुनै पनि काम उहाँको दृष्टिमा पूर्ण गर्न सकेन । तर नेइमलाई प्रभुले दिनुभएको काम हामीले उहाँको अनुग्रहमा पूरा गर्न सकौं । पावलले भनेझैं हामीले पनि भन्न सकौं, ***"मैले उत्तम लडन्त लडेको छु, मैले दौड सिध्याएको छु ।"***

***"यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो । प्रभुको काममा सधैं बढ्दैजाओ । किनकि तिमीहरू जान्दछौ, कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन"*** *(१ कोरिन्थी १५:५८)* । प्रभुले तपाईं र मलाई उहाँको निरन्तर सेवाको लागि आशा गरिराख्नुभएको छ । त्यसैले हामी पवित्र आत्मामा प्रज्वलित होऔं र प्रभुको सेवा गर्दै रहौं किनकि उहाँले हामीलाई पवित्र आत्माको छाप मात्र होइन उहाँ मिशन पूरा गर्नको लागि पवित्र आत्माको भरपूरी पनि दिनुभएको छ ।

– प्रस्तुति डीकन अर्जुन ढकाल

**नेइमको दर्शन**

**"ख्रीष्टजस्तै बनाउन ख्रीष्टजस्तै बनौं"**

**नेइमको आधारशिला**

परमेश्‍वरको महिमाको निम्ति **पवित्र** आत्माको शक्ति र निर्देशनमा प्रार्थना र अन्तरबिन्ती सहित **प्रशंसा** र आराधना गर्ने, समान दर्शन भएकाहरूसित आबद्ध भई **प्रचार** र मण्डली स्थापनाको काममा संलग्न रहने र **प्रेम**मा परिपक्व हुँदै सर्वाङ्गिण रूपान्तरणका निम्ति ख्रीष्टको साक्षी बन्दै पवित्रतामा उहाँकै पुनरागमनको **प्रतिक्षा** गर्ने मण्डली हुनेछ ।

# मिशन वर्ष

गत वर्ष नेइम परिषद्को निर्णयअनुसार सन् २०१० साल (२०६६/६७) लाई नेइमले मिशन वर्षका रुपमा मनाउने भएको छ । यसको लागि हामीले 'मिशन' शब्दको अर्थ बुझ्नु आवश्यक छ । 'मिशन' शब्द अंग्रेजी शब्द 'कमिशन' बाट आएको हो । कमिशनको अर्थ कुनै निश्चित काम प्रतिबद्धताका साथ पूरा गर्नु हो । येशू ख्रीष्टलाई राजीखुशीसाथ आफ्नो मुक्तिदाता र प्रभु भनी विश्वासका साथ ग्रहण गरी इसाई भइसकेकाहरूलाई उहाँले एउटा कमिशन दिनुभएको छ :

**मत्ती २८:१८-२०**
***येशूले तिनीहरूलाई भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ । मैले तिमीहरूलाई आज्ञा गरेको सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ, हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु ।"***

प्रभु येशूले मानिसहरूको मुक्तिको निमित्त आफ्ना परमेश्वर पिताको आज्ञा अनुरुप क्रूसको मृत्यु मर्नुभयो (फिलिप्पी २:८) र मुक्तिको कार्य समाप्त गरी पुनरूत्थान हुनुभयो । त्यसपछि परमेश्वरले प्रभु येशूलाई उहाँको पहिलेको अधिकार दिनुभयो । यसैकारण ***प्रभु येशूले "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ" भन्नुभयो ।***

उहाँले शुरू गर्नुभएको काम पूरा गर्न तपाईं र मलाई अर्थात् उहाँका चेलाहरूलाई वारिसनामा दिनुभएको छ । मण्डली वा संगतिका अगुवा अथवा पढे लेखेका व्यक्तिहरू मात्र नभई यो काम गर्ने जिम्मा प्रत्येक विश्वासीलाई दिनुभएको छ । प्रभु येशूले दिनुभएको जिम्मालाई माथि उल्लेखित धर्मशास्त्रको खण्डको आधारमा चारवटा क्रियाहरू छन्: जाओ, चेला बनाओ, बप्तिस्मा देओ, सिकाओ ।

१. **जाओ** – शब्दले गतिशीलता बोध गराउँदछ । जाने काम परिवारदेखि लिएर मण्डली, समाज, देश र अन्य देश समेत हुन सक्छन् । जहाँ हामी जान्छौं अथवा छौं त्यहीं नै यी तलका कामहरू हुनुपर्छ ।

२. **चेला बनाओ** – जुन स्थानमा छौं त्यहाँका मानिसहरूलाई प्रभु येशू र उहाँको राज्यको विषयमा जान्ने 'विद्यार्थी' बनाउनु हाम्रो अर्को काम हो । कर र बलले कसैलाई विद्यार्थी बनाउन सकिन्न । साँचो विद्यार्थी बन्न तिर्खा, उत्सुकता, जान्ने इच्छा चाहिन्छ । तिर्खा तथा उत्सुकता जगाउन तपाईं र मेरा मुखका शब्दहरू तथा जीवनको साक्षी चाहिन्छ । ***"जसको विषयमा सुनेकै छैनन्, उहाँमाथि तिनीहरूले कसरी विश्वास गर्ने ? रोमी १०:१४***

३. **बप्तिस्मा देओ** – प्रभु येशूको विषयमा सुनेर वा जानेर उहाँलाई आफ्नो मुक्तिदाता र प्रभु भनी विश्वाससाथ ग्रहण गर्ने कुनै पनि व्यक्तिले उद्धार पाउँछ । यो कार्य पूरा गर्न तथा म प्रभु येशूलाई मेरो प्रभु र मुक्तिदाता मान्दछु भनी संसारलाई साक्षी दिन पानीको बप्तिस्मा लिनु पर्दछ । यो, बप्तिस्मा त्रिएक परमेश्वर -**'पिता र पुत्र र पवित्र आत्माको'** नाउँमा लिइन्छ । मण्डलीको स्थापना भएपछि यो कार्य वा विधि मण्डलीका अभिषिक्त व्यक्तिले गर्दछ । प्रभुलाई ग्रहण गर्नु भनेको परमेश्वरलाई आफ्नो बनाउनु हो भने, बप्तिस्मा लिनु म येशूको हुँ भनी संसारलाई साक्षी दिनु हो ।

४. **सिकाओ** – बप्तिस्मा अन्त्य होइन । प्रभु येशूले जिम्मा दिनुभए अनुसार ***"मैले आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ ।"*** प्रभु येशूको आज्ञा पालन गर्नुको अर्थ ख्रीष्टियान जीवन जिउनु हो । यो काम निरन्तर गरिरहनु पर्दछ ।

प्रभु येशूले यी सबै हाम्रो जिम्मामा मात्र छोड्नुभएको छैन । उहाँको प्रतिज्ञा यस्तो छ, ***"म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु ।"*** यी सबै गर्नलाई उहाँले पितासँग प्रार्थना गरी पवित्र आत्मा पठाइदिनुभएको छ । पवित्र आत्मा हामीसँग सधैँभरि रहनुहुन्छ र हामीलाई साथ दिइरहनुहुन्छ ।

प्रभु येशूले हामीलाई सुम्पनुभएको काम म एउटै, अथवा हामी एक दुई मात्र होइन तर सबैले मिलेर सम्पन्न गर्नु पर्नेछ । यसैले प्रभु येशूले आफ्नो जीवनकालमा चेलाहरू छान्नुभयो । उहाँको स्वर्गारोहणपछि यो जिम्मा उहाँमाथि विश्वास गर्ने हामी प्रत्येकलाई सुम्पनुभएको छ ।

यसर्थ आजैदेखि आफ्नो परिवारमा, मण्डलीमा, समाजमा, देशमा वा देशदेखि बाहिर प्रभु येशूको सुसमाचार उहाँले देखाउनुभएको तथा उहाँले दिनुभएको क्षमताअनुसार हामीले पाएका जिम्मा पूरा गर्न शुरू गरौं । यो महत्त्वपूर्ण जिम्मा आफ्नै कोशिशमा होइन तर पवित्र आत्माको प्रेरणामा उत्साह र जोशसित गरौं ।

– पाष्टर राजेन्द्र रोंगोंग

## फरवरी महिनाको कार्यक्रम

१. माघ २९ गते/फरवरी १२ ता. शुक्रबार बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म **संयुक्त पुरुष रिट्रीट** ज्ञानेश्वर मण्डलीमा
२. फागुन १ गते/फरवरी १३ ता. शनिबार **महिला उपवास प्रार्थना** सेवापछि आ-आफ्नो मण्डलीमा
३. फागुन २ गते/फरवरी १४ ता. आइतबार **संयुक्त घरेलु संगति अगुवाहरू पिकनिक** जहरसिंह पौवामा

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ, सुन्दरीजल |
| | | महिनामा दुईपल्ट | जोरपाटी |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:१५ बजे | नयाँ वानेश्वर |
| | सोमबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:१५ बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर, कमलाक्षी |
| | बुधबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:१५ बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | सिर्जनानगर | नगरकोट | ललितपुर | पनौती | गुर्जुधारा | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फागुन १ गते, फरवरी १३ ता. | पाष्टर सामुएल कार्थक | श्री बाघमान तामाङ्ग | श्रीमती रश्मिला तामाङ्ग | पाष्टर महेश थाँजु | पाष्टर दफ्तन सादा | डिकन दिल थापा | पाष्टर एल.पी. न्यौपाने | डीकन जमान तामाङ्ग | डीकन अष्ट श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | पाष्टर रोबर्ट कार्थक | श्रीमती जमुना घिमिरे |
| फागुन ८ गते, फरवरी २० ता. | पाष्टर सामुएल कार्थक | पाष्टर अशोक मुखिया | डीकन दिनेश न्यौपाने | पाष्टर एल.पी. न्यौपाने | डीकनेस् श्रीलक्ष्मी सैजु | श्री किशोर राई | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपटी चर्च | संयुक्त सेवा जोरपटी चर्च | डीकन छोदेन कार्थक | श्री रघु रोक्का |
| फागुन १५ गते, फरवरी २७ ता. | डीकनेस् शुईङ्ग कार्थक | डीकन सामुएल क्षेत्री | पाष्टर अशोक मुखिया | पाष्टर रोबर्ट कार्थक पाष्टर बि.बि. खवास | डीकन रूबेन श्रेष्ठ | श्री शेरूसिंह ठकुरी | पाष्टर महेश थाँजु | डीकन जमान तामाङ्ग | डीकन दानिएल सापकोटा | श्री राज गुरूङ्ग | डीकनेस् निर्मला ढुङ्गेल | श्री मत्ती मगर |
| फागुन २२ गते, मार्च ६ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | श्री प्रेम ब. ठकुरी | संयुक्त सेवा ललितपुर चर्च | पाष्टर प्रेम श्रेष्ठ | श्रीमती रेनु तामाङ्ग | पाष्टर एस. सोदेम्बा | डीकन सागर थापा | पाष्टर एल.पी. न्यौपाने | संयुक्त सेवा गोंगबूँ चर्च |

### हार्दिक बधाई



माघ ४ गते/जनवरी १८ ता. सोमबार नेइम जोरपाटी मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती** **रूबेन र सुष्मा परियार**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### हार्दिक बधाई



माघ ६ गते/जनवरी २० ता. बुधबार नेइम झाँगाझोली बोहोरेटार मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती** **बर्णबास र सरीता थापा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### हार्दिक बधाई



माघ १८ गते/फरवरी १ ता. सोमबार नेइम ललितपुर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती** **किशोर र रजनी दर्शनधारी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### हार्दिक बधाई



माघ १७ गते/जनवरी ३१ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती** **नूह र दीक्षा थामी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

**जानकारी :** १. पौष २५ गते/जनवरी ९ ता. शनिबार नेपाली इसाई मण्डलीको शाखा दोलखा सिउरेनी मण्डली भवनको उद्घाटन गरियो । उक्त कार्यक्रमको लागि नेइम ज्ञानेश्वर मण्डलीबाट पाष्टर अशोक मुखिया, श्री नूह थामी, श्री बाबुकाजी श्रेष्ठ, श्रीमती मेनुका क्षेत्री र श्रीमती मीरा गुरूङ्ग जानुभएको थियो ।

२. यही जनवरी ७ तारिख भारतको पुना तथा मुम्बईमा रहेका मिशनेरी द्वय प्रदीप/फिलोमिना बज्राचार्य तथा जेम्स/सेल्भी नेपालीको नेतृत्वमा चन्दा देवान, लेखनाथ पौडेल, लाक्पा लामा, आर. अञ्जान घले, हेमन्त राई, योएल सुब्बा, राजीव के.सी., अमन रानामगर, उज्ज्वल राई, पूजा घिमिरे, अरूणिमा महर्जन, बिनीता महर्जन, अमृता राई र उपासना श्रेष्ठ गरी १५ जनाको टोली त्यसतर्फ गएको थियो । उक्त टोलीले पुनामा सुसमाचारिय कार्यक्रम प्रस्तुत गरेको थियो जहाँ करीब ७-८ सय जना नेपालीहरू आएका थिए भने करीब १००-१५० जनाले प्रभु येशूलाई प्रभु र मुक्तिदाता भनी ग्रहण गर्नुभएको थियो । उक्त टोलीले मुम्बईको नागापाडा चर्च र बदलापुरमा समेत कार्यक्रम प्रस्तुत गरेको थियो जहाँ उद्धार गरिएका चेलीबेटी र जवान तथा बाल बालिकाको उपस्थिति थियो । उक्त कार्यक्रमपछि उहाँहरूले पहिला आफूलाई नेपाल र नेपालीले आफूहरूलाई वास्ता नगरेको जस्तो लागेको तर यो कार्यक्रमपछि अब हामीलाई माया गर्ने पनि कोही रहेछन् भनी आफ्नो भाव व्यक्त गर्नुभएको थियो । उहाँहरूलाई भेटी सकेपछि उक्त टोली भावविह्वल भएको थियो । समग्रमा निकै आशिषित रहेको यो सुसमाचारिय यात्रामा यो टोलीलाई आर्थिक तथा प्रार्थनामा सहायता पुर्‍याउनुहुने सबैलाई हामी हार्दिक धन्यवाद दिन्छौं । उक्त टोली जनवरी १८ मा फर्केको थियो ।

३. माघ १ गतेदेखि ७ गतेसम्म नेपाली इसाई मण्डलीबाट नूह थामी, बाबुकाजी श्रेष्ठ, दिनेश नेपाली, तिर्थ रम्तेल, प्रशान्त श्रेष्ठ, प्रेम आलेमगर, शिरिस प्रधान, लिडिया तामाङ्ग, स्वीटी नेपाली र सुनिता श्रेष्ठ घर-दैलो, विश्वासी भेटघाट कार्यक्रम लिएर जानुभएको थियो जसमा नेइम बोहोरेटार मण्डलीको कुल ५० घरधुरी घरलाई, यो झुण्डले भेटघाट, उत्साह र सेवकाई दिन सक्यो । रामेछाप जिल्लामा दुई टोली, सिन्धुली जिल्लामा दुई टोली गरी चार झुण्डमा बाँडिएर जाँदा परमेश्वरले सबैलाई आशिषित तुल्याउनुभयो । कति रोगी बिरामीहरू थिए त कतिलाई धेरै टाढा-टाढाबाट मण्डली आउनुपर्ने अवस्था पनि रहेछ । समग्रमा यो मिशन ट्रिप निक्कै आशिषित भयो, मण्डलीको सहयोग र प्रार्थनाको लागि धन्यवाद ।

# दैनिक प्रार्थनाका विषयहरू

| | | | | |
|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२४** **7** विभिन्न देश, विदेशमा रोजगार, अध्ययनको सिलसिलामा गएका नेपालीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् । २ कोरिन्थी ५:१४-२१ | **२** **14** नेपालका सबै मण्डलीहरू बीच एकता रहेको होस् र आवश्यक परेको समयमा एक-अर्कालाई प्रेममा सहायता पुऱ्याउनेहरू हुन सकून् । रोमी १५:२-३ | **९** **21** नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् । फिलिप्पी २:१०-११ | **१६** **28** नेपालका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाई मागिदिऔं । यहोशू १:६-९ |
| **सोमबार MONDAY** | **२५** **8** हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीका धेरैभन्दा धेरैले भाग लिन सकून् । यूहन्ना १४:१२-१४ | **३** **15** परमेश्वरले प्रतिज्ञा गर्नुभएका कुरा पूरा हुनको लागि मण्डलीको विश्वास परमप्रभुमाथि अझै बढेर गएको होस् । हिब्रू ११:१ | **१०** **22** हामीलाई प्रभुले जुन उद्देश्यले चुन्नुभएको छ, सो उद्देश्यलाई हामी सबैले विश्वासयोग्यका साथ पूरा गर्न सकौं । यूहन्ना १५:४-५, ८ र १६ | **१७** **March 1** मण्डलीका प्रत्येक परिवारका सदस्यहरूले परमेश्वरलाई आफ्नो जीवनमा, परिवारमा पहिलो स्थान दिन सकून् । अय्यूब १:१-५ |
| **मंगलबार TUESDAY** | **२६** **9** पूर्णकालिन सेवारत सेवक/सेविकाहरूको सेवकाई अझ बोझ, दर्शन, समर्पणता र पवित्र आत्माको अभिषेकमा गर्न सकून् । भजनसंग्रह ५७:२ | **४** **16** मण्डलीका सबै विश्वासीहरूले आ-आफ्नो कामद्वारा परमेश्वरलाई सधैं महिमा दिन सकून् । कलस्सी ३:२३-२४ | **११** **23** विभिन्न व्यापार, व्यवसाय, नोकरी गर्नेहरूको कमाईमा परमेश्वरबाटको प्रशस्त आशिष् र उन्नति मागिदिऔं । व्यवस्था २८:८-१३ | **१८** **2** नेइमअन्तर्गतका मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली बनिँदै जान सकौं । एफिसी ३:१४-१९ |
| **बुधबार WEDNESDAY** | **२७** **10** घरेलु संगतिहरूमा धेरैको सहभागिता भएको होस् साथै आत्मिकी जीवनमा पनि मण्डली परिपक्व हुँदै जान सकून् । १ कोरिन्थी १४:२६ | **५** **17** मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई अझै प्रेम गर्दै जानेहरू र, उहाँको भय मान्नेहरू हुँदै जान सकौं । भजनसंग्रह १४५:१७-२० | **१२** **24** प्रभु येशू ख्रीष्टमा भएकाहरू जीवनका सबै अवस्था र परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनेहरू हुन सकून् । हबकूक ३:१७-१९ | **१९** **3** भारतको मुम्बई, पुना र अन्य कति ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं । यर्मिया ३१:४, ११, र १६ |
| **बिहीबार THURSDAY** | **२८** **11** बाल संगतिका प्रत्येक बालबालिकाहरूले प्रभुलाई आफ्नो व्यक्तिगत मुक्तिदाता र प्रभु भनी ग्रहण गर्न सकून् र प्रभुको शिक्षामा बढ्दै जान सकून् । मत्ती १९:१३-१५ | **६** **18** यहोवा यीरे जवानहरूले आफ्ना नयाँ साथीहरूलाई प्रभुमा जित्ने काममा बोझसँग लागिपर्न सकून् । प्रेरित २०:२४ | **१३** **25** मण्डलीका सबै परिवारहरूका श्रीमान् र श्रीमती बीच परमेश्वरबाटको शान्ति, मेलमिलाप र समझदारीको लागि प्रार्थना गरिदिऔं । १ पत्रुस ३:१-७ | **२०** **4** सबै परिवारहरूमा आमा-बाबु र छोराछोरीबीचको पारिवारिक सम्बन्ध ख्रीष्ट प्रभुमा अझ घनिष्ठ हुँदै जान सकून् । कलस्सी ३:१८-२१ |
| **शुक्रबार FRIDAY** | **२९** **12** विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं । २ कोरिन्थी २:१४-१७ | **७** **19** प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं । प्रस्थान १९:५-६ | **१४** **26** भोलि नेपाल देशभरि हुने आराधना सेवाहरूमा पवित्र आत्मा परमेश्वरको गहिरो काम मण्डलीको जीवनमा मागौं । प्रेरित २:४६-४७ | **२१** **5** प्रत्येक शनिबार नयाँ आउनेहरू सबैले प्रभु येशूद्वारा पाइने मुक्ति र अनन्त जीवनलाई ग्रहण गर्न सकून् । रोमी १०:८-१३ |
| **शनिबार SATURDAY** | **१ फागुन** **13** मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाई, स्थानीय संगति साथै सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं । भजनसंग्रह १२८:१-६ | **८** **20** देशभित्र र देशबाहिर काम, पढाई, सेवकाईको निम्ति जानुभएकाहरू सधैं परमेश्वरमा विश्वासयोग्य भई उहाँको नजीक रहिरहन सकून् । भजनसंग्रह १७:५-८ | **१५** **27** प्रभुलाई चिनेर पनि परमेश्वरको इच्छा विरूद्ध विवाह गरेकाहरू साथै प्रभुबाट टाढा भएकाहरू सबै साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् । सपन्याह ३:१४-१७ | **२२** **6** अधुरा घर-घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् । यशैया ४५:१५-२३ |

*तब मैले परमप्रभुको यो आवाज सुनें, "म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने ? अनि मैले भने, "म हाजिर छु । मलाई पठाउनुहोस् ।" उहाँले मलाई भन्नुभयो, "जाऊ गएर यी मानिसहरूलाई भन ... ।"*

यशैया ६:८-९ 'क'



प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२ email:nim@wlink.com.np, www.nim.org.np